# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड:१० संख्या:३ मिति २०८३।०५।२३

## भाग-२

**गन्यापधुरा गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**गणेशपुर, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**गन्यापधुरा गाउँपालिका अन्तर्गतको आधारभुत अस्पतालमा एम्बुलेन्स सेवा सञ्चालन २०८१ मा संशोधन गर्नुपर्ने भएकाले तयार पारिएको यो कार्यविधि सर्वसाधारणको लागि प्रकाशन भएको सूचना गरिन्छ।**

### एम्बुलेन्स सेवा सञ्चालन (प्रथम संशोधन) कार्यविधि,२०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०५/१७

**प्रस्तावना:** एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम " एम्बुलेन्स सेवा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२. एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ को दफा ३ को उपदफा (१क) मा संशोधन:** एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ३ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छ।

"(१क) आधारभुत अस्पताल रहेको वडाको वडा अध्यक्ष - संयोजक।"

३. **मूल कार्यविधिको दफा ६ को उपफा (३क) मा संशोधन:** मूल निर्देशिकाको परिच्छेद ६ को दफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छ।

"(१) एम्बुलेन्स गन्यापधुरा गाउँपालिकाको आधारभुत अस्पताल गणेशपुरको हातामा रहनेछ।।"

**आज्ञाले,**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**